प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालय
**सामाजिक विकास कार्यालय**
स्याङ्जा

पत्र संख्या: २०८१/०८२
सूचना नं. ०५

गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव आह्वान सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मिति: २०८१/०६/०४)

यस कार्यालयको आ.व. २०८१/८२ मा स्वीकृत तपशिल बमोजिमको कार्यक्रम सञ्चालन गर्न लागिएकोले इच्छुक योग्य व्यक्ति एवं संस्थाहरुले **२०८१/०७/०८** गते भित्र कार्यालयले तोकेको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरि रितपुर्वकको कार्यक्रम प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि सामाजिक विकास कार्यालय स्याङ्जाको बेभसाइट: www.sdosyangja.gandaki.gov.np मा तथा Facebook Page सामाजिक विकास कार्यालय स्याङ्जा मा हेर्नुहुन अनुरोध गरिन्छ।

| **सि.नं.** | **कार्यक्रम/ कियाकलाप** | **प्रस्ताव पेश गर्ने निकाय** | **संलग्न गर्नुपर्ने कागजातहरु** |
|---|---|---|---|
| १ | द्वन्द्वपिडित, बेपत्ता, घाइते, अपागं, सहिद परिवार र विपन्न महिलाहरुको लागि उद्यम व्यवसायी तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम | सामाजिक विकास कार्यालय, स्याङ्जा। | १. गत आर्थिक वर्षमा मन्त्रालबाट अनुदान सहयोग नपाएका लक्षित वर्गले अनुसूचि-१२ बमोजिमको ढाँचामा भरिएको व्यवसायिक योजना सहितको क्लष्टर अनुसारको निवेदन,<br>२. लक्षित वर्गको परिचय खुल्ने कागज,<br>३.स्थानीय तह/वडाको सिफारिस सहित अन्य कागजातहरु,<br>४. संचालित संस्थाको बैठकको निर्णय प्रतिलिपि,<br>५. उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,<br>६ . स्थायी लेखा नम्बर वा मु.अ. कर दर्ताको प्रमाणपत्र,<br>७ आवश्यकतानुसार व्यवसायिक इजाजत-पत्र,<br>८.रोजगारी दिएको संख्या र रोजगार प्राप्त महिलाको संख्या खुल्ने विवरण,<br>९. उद्योग संचालन कार्यानुभव।<br>**(नोट: एकाघर परिवारबाट एक जनालाई मात्र छनौट हुने। यस अन्तर्गत विउ पुँजी/प्रविधि हस्तान्तरणको लागि बढिमा प्रति व्यक्ति रु. एक लाख सम्म उपलब्ध गराउन सकिने।** |

थप जानकारीका लागि: सामाजिक विकास कार्यालयस्याङ्जाको ✆सम्पर्क नं. ९८५६०६१७२५, ९८५६०६१७२६ ,०६३-४२४०२५

(जीवन पौडेल)
**कार्यालय प्रमुख**

# अनुसूचि १२

## द्वन्द्व पीडित वेपत्ता घाइते अपाङ्ग सहिद परिवार र विपन्न महिलाहरुको उद्यम व्यवसाय तथा रोजगारी प्रवर्द्धनका लागि व्यावसायिक योजनाको नमूना

श्री सामाजिक विकास कार्यालय

.............

१. उद्यमी/व्यावसायीको नामथरः ठेगानाः सम्पर्क नं.

२. उद्योग/व्यावसाय संचालन गरेको स्थानः

३. उद्योग/व्यवसाय

क. नाम

ख. पृष्ठभूमि

ग. उद्योग/व्यावसायको दर्ता नं. र दर्ता मिति पान नं.

घ. व्यावसाय स्थापनाको उद्देश्य

ङ. शुरु लगानी (नगद तथा अन्य)

च. उद्योग/व्यावसायको प्रकृतिः (पशुजन्य/कृषिजन्य/जडिवुटी/लघु उद्यम/अन्य)

छ. हाल जनशक्तिको अवस्थाः महिला.....पुरुष....कुल .....जना

ज. उद्योग/व्यावसाय संचालनमा रहेको जग्गाको स्वामित्व/प्रमाण

झ. व्यावसायको हालको अववस्थाः

ञ. उत्पादन र बजारको अवस्था तथा सम्भावना

ट. व्यावसायः उत्पादनजन्य/प्रशोधनजन्य/बजारीकरण

ठ. आवश्यक कच्चा पदार्थ र संचालन सामग्री आपूर्तिको व्यवस्था

ड. कच्चा पदार्थको उपलब्धताः स्थानीयस्तरमा उपलब्ध/जिल्लाभित्र उपलब्ध/जिल्ला बाहिरबाट ल्याउनुपर्ने

ढ. भावी योजना अनुसार आवश्यक पर्ने प्राविधिक तथा अन्य जनशक्तिः महिला र पुरुष संख्या खुलाउने

ण. जोखिम व्यवस्थापनको सोचः

त. माग/अपेक्षा गरेको सहयोगको क्षेत्रः

थ. व्यावसायमा प्रयोग हुने प्रविधि र अनुमानित लागत

द. लगानी विस्तारको योजना

ध. अन्य केही भए खुलाउने ।

<u>पेश गर्नेको</u>

नामथर

हस्ताक्षर

उद्योग/व्यावसायको छाप

## २.१.२४ जिल्लास्तरमा महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय बैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | पटक | १ | दोस्रो /तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | स्थानीय तह, प्राज्ञिक निकाय तथा जिल्लास्तरमा क्रियाशील रहेका संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको बारेमा कार्यालयले आवश्यक जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा सेवा सुविधाहरु परिचालन गर्न तथा निर्देशन एवम् नियमन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • जिल्लाभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई जिल्ला/प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आवद्ध गर्ने<br>• प्राज्ञिक निकाय तथा स्थानीय तहबाट समेत आवश्यक सुझाव लिई कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्ने<br>• उनीहरुको उद्देश्य र क्रियाकलापहरुको बीचमा एकरुपता ल्याई कार्यालयको नीति निर्देशन अनुसार काम गर्न अभिप्रेरित गर्ने ।<br>• कार्यक्रमको जानाकारी, मध्यावधि समिक्षा, योजना तर्जुमा, अन्तिम प्रगति समिक्षा, |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | बैठक तथा कार्यक्रम सञ्चालन, यातायात खर्च, खाजा, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय बैठक तयारी तथा संचालन,<br>• सदरमुकामस्थित स्थानीय तह बाहेक अन्य स्थानबाट आउने सहभागिलाई यातायात खर्च दिने<br>• सम्वन्धित स्थानीय तहमा समेत समन्वय बैठक गर्न सकिने<br>• सम्बन्धित संस्थाहरुबाट भए गरेका कार्यहरुको आदान प्रदान तथा सुझाव संकलन<br>• प्रतिवेदन तयार तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई जिल्ला/प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आवद्ध गराई कार्यक्रम सञ्चालनमा प्रभावकारिता आउनेछ। |
| ७. पेश गर्नुपर्नेकागजातहरु | • बैठकको निर्णय प्रतिलिपि र खर्चका बिल भर्पाईहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२५ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको लागि उद्यम व्यावसाय संचालन तथा प्रवर्द्धन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | पटक | १ | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले उद्यमशीलताका क्रियाकलापहरु संचालन गरेका लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई उद्यमी वन्नको लागि प्रोत्साहन गर्न र उद्यमीहरुको स्तरोन्नतीका लागि उद्यमशीलता विकासका लागि सहयोग प्रदान गरी सफल उद्यमी/ व्यवसायी बन्न सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | (क) उद्यम/व्यवसाय प्रवर्द्धनका लागि पूँजी र प्रविधि सहयोग गरी लक्षित वर्गको उद्यमी तथा उद्यमको क्षमता अभिवृद्धि गर्नु,<br>(ख) रोजगार स्वरोजगार र उद्यमशीलताको माध्यमबाट लक्षित वर्गको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास कार्यालय |
| ४. बजेट बाँडफाँट | • सम्बन्धित व्यक्तिका लागि लागि उध्यमशिलता/ प्रविधि हस्तान्तरण<br>• प्रविधि सहयोगको लागि अनुदान उपलब्ध गराउने |
| ५ सञ्चालन गरिने क्रियाकलाप | १. सम्बन्धित पक्षहरुसँग समन्वय वैठक<br>२. कार्यक्रम कार्यान्वयनको मोडालिटी तयार<br>३. प्रविधि हस्तान्त्रणको लागि सम्बन्धित उद्यमीहरुबाट देहायका कागजात सहित निवेदनको लागि प्रस्ताव मागः<br>• अनुसूचि ८ बमोजिमको ढाँचामा भरिएको व्यवसायिक योजना<br>• नेपाली नागरिकताको प्रमाणपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्र,<br>• स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्ध कर दर्ताको प्रमाणपत्र,<br>• कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र,<br>• आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्र,<br>• व्यावसायिक योजना र आवश्यक प्रविधि/औजार/सामग्री<br>➤ अनुसूचि ९ बमोजिमको ढाँचामा उद्यमीको प्रस्ताव मूल्याङ्कन तथा छनौटका लागि देहाय वमोजिमको समिति रहनेछ । |